# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, भदौ १ गते २०४६ साल (अतिरिक्ताङ्क २४


## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२१

## नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: नेपाल नागरिकता ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नेपाल नागरिकता (चौथो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल नागरिकता ऐन, २०२० को दफा ६ मा संशोधन: नेपाल नागरिकता ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (२) को पहिलो वाक्यमा रहेका "विदेशी नारी" भन्ने शब्दहरूपछि "तथा अंगीकृत नेपाली नागरिकका सन्तान" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ:-

"१४. अधिकार प्रत्यायोजन गर्न सक्ने: श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये देहायका अधिकारबाहेक अन्य अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो सूचनामा तोकिएबमोजिमका अवस्था र शर्त बन्देजभित्र रही सोही सूचनामा तोकिएको अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ:-

(क) दफा ६ अन्तर्गत नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीलाई अंगीकृत नेपाली नागरिकता प्रदान गर्ने बाहेक सोही दफाअन्तर्गतका अन्य अधिकार ।

(ख) दफा १० बमोजिम नेपाली नागरिकताबाट वञ्चित गर्ने अधिकार ।"

लालमोहर सदर मिति:- २०४६।५।१५

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

822